मिति:२०७९/०९/१७ गा.पा.बैठक सं.-१०

प्रस्तावहरु

१.समपुरक तथा विशेष अनुदानका आयोजना माग सम्बन्धमा ।

२योजना संशोधन सम्बन्धमा ।

३.विविध ।

निर्णयहरु

१. समपुरक तथा विशेष अनुदानका आयोजना माग सम्बन्धमा ।

समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५ को दफा ४ बमोजिम तपशिलका विशेष तथा समपुरक अनुदान माग गर्नका लागि DPR तथा लागत अनुमान तयार गरि आवश्यक कागजपत्र सहित पौष मसान्तभित्र अनुसूची -१ बमोजिमको ढाचाँमा नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने ।

बिशेष अनुदान तर्फ माग गर्ने योजनाहरु:-

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान |
|---|---|---|
| १ | छोटकी रामनगर मा.वि. भवन निर्माण | ओमसतिया-६ |
| २ | कोटही आधारभुत विधालयको भवन निर्माण | ओमसतिया-२ |
| ३ | हाटीफर्साटिकर स्वास्थ्य चौकीको भवन निर्माण | ओमसतिया-३ |
| ४ | पट्खौली मा.वि. भवन निरन्तरता | ओमसतिया-५ |
| ५ | श्री रामजानकी मन्दिर रंगशाला निर्माण | ओमसतिया-६ |
| ६ | ठुटीपिपल मा.वि. भवन निर्माण | ओमसतिया-१ |

समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु:-

| क्र. सं | योजनाको नाम | संचालन हुने स्थान | अनुमानित लागत | गा.पा.को लागत | संघीय सरकारबाट ब्यहोर्नुपर्ने अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | अमित थापाको घरदेखि दुर्गा गुरुङ्गको घरसम्म नालासहित कालोपत्रे | ओमसतिया-१ | १ करोड | ५० लाख | ५० लाख |
| २ | केवटलिया देखि कर्वलाहासम्म कालोपत्रे | ओमसतिया-२ | १ करोड | ५० लाख | ५० लाख |
| ३ | फर्साटिक बड्सारी लोहरौलीसम्म कालोपत्रे | ओमसतिया-३ | १ करोड | ५० लाख | ५० लाख |
| ४ | वन कार्यालयदेखि सानो बालापुरसम्म नाला सहित कालोपत्रे/ पि.सि.सि.ढलान | ओमसतिया-४ | १ करोड | ५० लाख | ५० लाख |

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

मिति:२०७९/०९/१७ का.पा.बैठक सं.-१०

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | लोदपुरवा देखि पटखौली हुँदै पिपरैयासम्म कालोपत्रे | ओमसतिया-५ | १ करोड | ५० लाख | ५० लाख |
| ६ | जमुहानी देखि विन्द्रावनसम्म नाली सहित कालोपत्रे | ओमसतिया-६ | १ करोड | ५० लाख | ५० लाख |

२. योजना संशोधन सम्बन्धमा ।

यस गाउँपालिकाको आ.व. ०७९/८० का लागि समपुरक योजना अन्तर्गत लुम्बिनी प्रदेश सरकारवाट बसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं. ४ योजनाको लागि रु. २५ लाख विनियोजन भएकोमा हाल उक्त स्थानमा १५ शैयाको अस्पताल निर्माण गर्ने उद्धेश्यका साथ कार्ययोजना अगाडी वढेको तथा ओमसतिया वडा नं. ४ स्थित गुजरपुरवा गाउँ जाने बाटोमा डुबानको समस्या भई उक्त बाटोमा तटवन्ध निर्माण गर्न अति आवश्यक परेको हुँदा उक्त विनियोजित बजेटलाई संशोधन गरि गुजरपुरवा जाने बाटोमा तटवन्ध निर्माण शिर्षकमा बजेट कायम हुने गरि संशोधन गर्न आर्थिक मामिला तथा सहकारी मन्त्रालय लुम्विनी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

३.विविध ।

- यस गाउँपालिकामा कार्यालय सहयोगीको अभाव भई सामान ओसारपसार, सरसफाई तथा सहयोगीको कामकाजमा समस्या उत्पन्न भएकाले वसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्र, वर्थिङ सेन्टरमा करार सेवामा गार्ड पदमा कार्यरत विश्वनाथ यादव मिति २०७९/०८/२३ गतेदेखि गाउँपालिका कार्यालयको स्वास्थ्य शाखामा कार्यालय सहयोगीको रुपमा कामकाजमा खटिईएकोले निजलाई पौष महिनादेखि मासिक रुपमा ५०००/-(पाँच हजार) मात्र थप सुविधा प्रदान गर्ने ।
- ओमसतिया - २ बस्ने श्री बिन्दु कुमार थारु तथा आशा थारुको छोरा अर्नव कुमार थारु आर्थिक रुपमा विपन्न भएको र लामो समयदेखि Thalarsemia रोगवाट प्रभावित भई निजको उपचार रुपन्देही लगाएतका नजिकका स्थानमा उपचार सम्भव नभएकोले छिमेकी राष्ट्र भारत जानु पर्ने भएकोले निजको आमा श्री आशा थारुको नाममा २५०००/-(पच्चीस हजार) मात्र आर्थिक सहयोग गर्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष